का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २६१
- २९ कात्तिक २०७८, सोमबार
- 15 November 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

कांग्रेस महाधिवेशन

# बल्ल जाग्यो आश

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २८ कात्तिक ।

नेपाली काँग्रेसले १४औं महाधिवेशन गर्न मूल तयारी समिति गठन गरेको छ । २४ देखि २६ मंसिरसम्म तय भएको महाधिवेशन सम्पन्न गर्न सभापति शेरबहादुर देउवाको नेतृत्वमा मूल तयारी समिति गठन भएको छ । आइतबार बुढानिलकण्ठमा बसेको पदाधिकारी बैठकले मूल समिति र उपसमितिहरु गठन गरेको हो ।

मूल समितिमा केन्द्रीय सदस्य, सांसद, प्रदेश संसदीय दलको नेता रहेछन् । काँग्रेसले सातै प्रदेशमा अधिवेशन गर्न प्रदेश संयोजक समेत बनाएको छ । प्रदेश-१ मा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, प्रदेश-२ मा रमेश रिजाल, बागमतीमा पूर्वमहामन्त्री प्रकाशमानसिंह, गण्डकीमा पूर्वउपसभापति गोपालमान श्रेष्ठ, लुम्बिनीमा बालकृष्ण खाँण, कर्णालीमा जीवनबहादुर शाही र सुदूरपश्चिम प्रदेशमा दिलेन्द्रप्रसाद बडू संयोजक तोकिएका छन् ।

> पार्टी विधान र संवैधानिक सीमा समेत नाघ्दा पनि हुन नसकेको सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन अब भने तोकिएकै मिति (२४-२६ मंसिर) मा हुने विश्वास बढेको छ ।

सञ्चार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई अर्थ संकलन र सुरेन्द्र पाण्डेलाई आवास संयोजनको जिम्मेवारी दिइएको छ । विदेशी पाहुना सत्कार गर्न सहमहामन्त्री प्रकाशशरण महत, मञ्च निर्माण गर्न काठमाडौं जिल्ला सभापतिको संयोजकत्वमा ललितपुर र भक्तापुर सभापति रहनेछन् ।

अवरुद्ध वडा अधिवेशन सम्पन्न गर्ने बाटो खुलेपछि मूल तयारी समिति र प्रदेश निर्वाचन स्थान सहित संयोजक तोकिएकाले अब महाधिवेशन नसर्ने विश्वास बढेको काँग्रेस नेताहरु बताउँछन् । गएको १८ भदौदेखि वडा अधिवेशन शुरु भएपनि अझै १३ जिल्लामा हुन सकेको थिएन । तर २७ कात्तिकबाट बाँकी रहेका वडा अधिवेशनको बाटो खुलेको छ । क्रियाशील सदस्यता विवाद हल भएसँगै प्रदेश अधिवेशन समेत सुनिश्चित गर्न खोजिएकाले महाधिवेशन अब नसर्ने आशा बढेको छ । काँग्रेसले मंसिर पहिलो साता प्रदेश-१ को विराटनगर,

बाँकी पृष्ठ २ मा



कैलालीको टीकापुर नगरपालिका- १ मा वडा तथा क्षेत्रीय प्रतिनिधि चयनका लागि मतदानका लागि लामबद्ध मतदाता । तस्वीर : झलनाथ खनाल

# समय लिने सहमति जुटाउने !

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २८ कात्तिक ।

विभाजनबाट गुज्रिएको नेकपा एमालेले सहमतिमै महाधिवेशन प्रतिनिधि चयनको प्रयत्न गरिरहेको छ । सहमतिकै प्रयत्नका कारण महाधिवेशन चयनको समय भने लम्बिदै गएको छ । बिहीबार देखि शुरु भएको महाधिवेशन प्रतिनिधि चयन ८५ प्रतिशत सकिएको प्रचार विभाग प्रमुख योगेश भट्टराईले बताए । पार्टीले निर्धारण गरेको मापदण्डअनुसार खुल्ला, महिला र उत्पीडित समुदायबाट प्रतिनिधिको छनोट गरिएको उनले बताए ।

केन्द्रीय विभाग, प्रदेश कमिटी, जिल्ला कमिटी, विशेष जिल्ला कमिटी, जनसंगठन र प्रवासबाट गरी ८५ प्रतिशत प्रतिनिधि चयन भएको भट्टराईले बताए । मंगलबारभित्र प्रतिनिधि चयन गरिसक्ने नेताहरुले बताएका छन् ।

भट्टराईका अनुसार प्रदेश-१ को पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, मोरङ, धनकुटा, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, खोटाङ र भोजपुर, वाग्मती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ, चितवन र मकवानपुर, उपत्यका विशेष कमिटीको पेसागत, युवा विद्यार्थी, मजदुर र उद्योग व्यवसाय विशेष जिल्ला कमिटीमा प्रतिनिधि छनोट भएको छ ।





> नेकपा एमालेले महाधिवेशन प्रतिनिधि चयन सकेसम्म सहमति जुटाउने नीति लिएको छ । आकांक्षी धेरै भएपनि सहमती खोज्ने प्रयत्नकै कारण आइतबारसम्म ८५ प्रतिशत मात्रै प्रतिनिधि चयन भएको एमालेले जनाएको छ ।

गण्डकी प्रदेशमा गोरखा, लमजुङ, नवलपुर, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङ र मनाङ, लुम्बिनी प्रदेशमा गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, प्यूठान, रुकुम, रोल्पा, बाँके र बर्दिया, कर्णाली प्रदेशमा हुम्ला, डोल्पा, मुगु, कालीकोट, जुम्ला, जाजरकोट, रुकुमपश्चिम, सल्यान र सुर्खेत तथा सुदूरपश्चिम प्रदेशमा दार्चुला, बैतडी, बझाङ र डडेल्धुरामा चयन कार्य सम्पन्न भइसकेको छ । कञ्चनपुर, कैलाली, अछाम, डोटी र बाजुराका केही क्षेत्रमा चयन प्रक्रिया जारी छ ।

एमालेले महाधिवेशनका लागि एक हजार ९९९ प्रतिनिधि चयन गर्दैछ । त्यसको ५ प्रतिशत मनोनीत गर्ने

बाँकी पृष्ठ २ मा

# उत्कर्षतिर आन्दोलन

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २८ कात्तिक ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा आइतबार पनि वैकल्पिक बाटो भएर सर्वोच्च अदाल प्रवेश गरेका छन् । नेपाल बार एशोसिएशनको आन्दोलन कार्यक्रममा प्रहरी हस्तक्षेप भएको भन्दै प्रधानन्यायाधीश जबरालाई अदालतमा प्रवेश रोक लगाउनेगरीआन्दोलन गरिरहेका छन् । कानून व्यवसायीहरुले मूल गेट छेकेपछि शुक्रबार पनि प्रधानन्यायाधीश जबरा वैकल्पिक मार्ग भएर सर्वोच्च अदालत प्रवेश गरेका थिए ।

प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै बारले १४ कात्तिक देखि आन्दोलन जारी राखेको छ । बारका महासचिव लिलामणि पौड्यालले आज थप सशक्त आन्दोलन गर्ने बताए । बारले आजदेखि सर्वोच्च अदालत केन्द्रीय आन्दोलन चर्काउने चेतावनी दिएको हो । प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै पहिले बारले चेतावनी दिएको थियो । ६ कात्तिकमा प्रधानन्यायाधीश जबरालाई राजीनामा गर्न बारले आग्रह गरेको थियो । प्रधानन्यायाधीश जबराले भने बरिष्ठ अधिवक्ताको उपाधि वितरण गर्न भने ७ कात्तिकमा फुल कोर्ट बोलाए ।



कानून व्यवसायी खुशी बनाउने रणनीतितिर प्रधानन्यायाधीश जबरा लागेपछि सर्वोच्चका न्यायाधीशहरुले विद्रोह गरे । फुलकोर्ट गएनन् । त्यस यता सर्वोच्चका कोही पनि न्यायाधीशले सुनुवाई गरेका छैनन् । प्रधानन्यायाधी जबराको राजीनामालाई न्यायाधीशहरुले पनि सर्त राखेका छन् । आइतबार पनि प्रधानन्यायाधीश जबराले आफू बाहेकका न्यायाधीशहरुको इजलास तोकेका थिए । तर कोही पनि न्यायाधीशले सुनुवाई गरेनन् ।

उता, नेपाल बार, सर्वोच्च अदालत बार देखि मानव अधिकारवादी संस्थाहरु समेत आन्दोलनमा उत्रिएका छन् । शुक्रबार मात्रै तीन वटा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुले प्रधानन्यायाधीश जबरा माथि लागेको आरोपबारे संसदीय छानबिन गर्न सुझाव दिएका थिए । कानून व्यावसायीहरुले प्रधानन्यायाधीश जबरालाई भ्रष्टाचारको समेत आरोप लगाएका

बाँकी पृष्ठ २ मा

# राष्ट्रिय जनगणनाले वैदेशिक रोजगारीको अवस्था झल्काउने

मध्यान्ह संवाददाता
काठमाडौं, २८ कात्तिक

नयाँ जनगणनासँगै वैदेशिक रोजगारमा रहेका नेपालीको संख्या यकिन हुने देखिएको छ । नेपालमा तीन दशकअघि संस्थागतरूपमा वैदेशिक रोजगारीमा जाने क्रमको शुरूवात भएपनि वैदेशिक रोजगारीमा रहेका नेपालीको अवस्था हालसम्म यकिन हुन सकिरहेको छैन । सरकारी निकायहरूले अनुमानका भरमा संख्या बताउने र त्यसैका आधारमा योजना बनाउँदै आएका छन् ।

कात्तिक २५ गतेदेखि शुरु भएको यस पटकको राष्ट्रिय जनगणनामा सोधिने ८० वटा प्रश्नहरूमध्ये केही प्रश्न वैदेशिक रोजगारमा गएका कामदारसँग पनि सम्बन्धित रहेका छन् । सोधिने प्रश्नमध्ये प्रश्न नं १६ मा 'तपाईंको परिवारका कुनै अनुपस्थित सदस्य हाल विदेश गएका छन्' भनेर सोधिएको छ । प्रश्नको सकारात्मक उत्तर अर्थात् 'छन्' भन्ने जवाफ दिनेले विदेश जानेको नाम, लिंग, जाँदाको उमेर, शिक्षा, कहिले गएको, विदेश जानुको कारण, देशको नाम भर्नपर्ने व्यवस्था गरिएको छ ।

गैर आवासीय नेपाली संघ (एनआरएनए)ले यी विवरणहरू सबैले नछुटाई भर्न सकियो भने अन्दाजमा सधैं जस्तो ८० लाखभन्दा बढी नेपालीहरु विदेशमा रहेको भनिरहन नपर्ने भन्दै कुन देशमा कति के गरेर बसेका छन् भन्ने तथ्यांक प्राप्त हुने बताएको छ ।

जनगणनामा सहभागी हुनको लागि हार्दिक अपिल गर्दै संघले जनगणनामा विदेशमा रहेका नेपालीहरुलाई पनि समेट्ने सरकारी निर्णयप्रति आभार व्यक्त गरेको छ । आगामी दश वर्षसम्म नयाँ तथ्यांक प्रयोग हुने भन्दै संघले सकेसम्म सहभागी हुन र सही तथ्यांक दिन सबैलाई आह्वान समेत गरेको छ ।

तथ्यांक ऐन २०१५ ले गणनामा प्राप्त कुनै पनि विषय सम्बन्धित व्यक्तिको विरुद्ध प्रमाणको रूपमा प्रयोग गर्न नपाउने कानूनी व्यवस्था गरेको हुँदा निर्धक्करूपमा गणकहरूलाई विवरण दिन पनि संघले विदेशमा रहेका परिवारलाई आग्रह गरेको छ । राष्ट्रिय जनगणना मंसिर ९ गते सम्म सञ्चालन हुने छ ।





## इजरायल जानेको स्वास्थ्य परीक्षणका लागि चार अस्पताल

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले इजरायलको रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि चार वटा अस्पताल तोकेको छ । विभागले स्टार हस्पिटल जाउलाखेल, मेडिसिटी हस्पिटल भैसेपाटी, ह्याम्स हस्पिटल मन्डिखाटार र मनमोहन मेमोरियल हस्पिटल स्वंम्भु तोकेको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न करोडौं लगानी गरी वर्षेनी राजस्व बुझाउँदै आएका स्वास्थ्य संस्थाहरूले भने इजरायलको रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने अनुमति पाएनन् । विभागले स्वास्थ्य परीक्षण गर्दा प्रहरी चारित्रिक प्रमाणपत्र र राहदानी पेश गर्ने सम्बन्धी सूचना अनिवार्यरूपमा पेश गर्नुपर्ने बताएको छ ।

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO: 3

तलब रु.५०,०००/–

म्यानपावरमा ३–४ वर्षको अनुभाव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको, नेपाली, अंग्रेजी राम्रो संग लेख्न र बोल्न जानेको, न्यूनतम शैक्षिक योग्यता +२ पास गरेको हुनुपर्नेछ ।

Candidates can send their CV's through email address: **manager@mobhiraservices.com** and for further details of above position contact No: **9801085638, 9851083583.**

**Mobhira Recruitment Consultanty Service Pvt. Ltd.**

Budhanilkantha-06, Hatigauda, Kathmandu

**मेनपावर कम्पनीको लागि कर्मचारी चाहियो**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

तलब आपसी सहमतिमा

- Office Secretary- 2 (Male/Female)
- Personal Secretary- 2 (Male/Female)
- PRO- 3 (Male/Female)
- Documentation- 4 (Male/Female)
- Accountant- 2 (Male/Female)
- Receptionist- 3 (Female)
- Office Girl- 1 (Female)

Note: English is compulsory & 2-3 years experience in manpower field.

**OMAMA MANPOWER PVT. LTD.**

Gov. Lic. No. 1422/074/075

Sinamangal-9, Kalimatidole, Kathmandu.
Tel 014581383
Mob: 9851005314, 981054683
E-mail : omama.manpower1422@gmail.com

# विवेकशील, सिटिजन्स र जनता दरबारबीच पार्टी एकता

काठमाडौं / मस–विवेकशील साझा पार्टी, सिटिजन्स डिसकसन फोरम तथा राष्ट्रिय जनता दरबार पार्टीबीच एकीकरण हुने भएको छ।

विवेकशील साझा पार्टीको आइतबार बसेको केन्द्रीय समितिको बैठकले दुई–तिहाइ बहुमतका साथ एकताको सहमति पत्रलाई अनुमोदन गरेको हो। एकीकृत पार्टीको नाम विवेकशील साझा पार्टी नै रहने छ। रवीन्द्र मिश्र पार्टीको एकल कार्यकारी अध्यक्ष रहनेछन्।

विवेकशील साझा पार्टीका प्रवक्ता शरदराज पाठकद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सिटिजन्स डिसकसन फोरम बृहत्तर राजनीतिक शक्ति निर्माणका लागि गत डेढ वर्षदेखि नियमित रूपमा बहस चलाउँदै आएको विभिन्न पेसाकर्मी, अभियानकर्मी र राजनीतिक पृष्ठभूमि भएका व्यक्तिहरूको समूह हो। 'राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र नेपालको नाम र शान' का लागि २०७१ सालमा भ्रष्टाचार विरोधी अभियानका रूपमा स्थापना भएको राष्ट्रिय जनता दरबार अभियान यसै वर्ष गत वैशाखमा राष्ट्रिय जनता दरबार पार्टीमा परिणत भएको हो।'

सिटिजन्स डिसकसन फोरमबाट ३५ जना र राष्ट्रिय जनता दरबार पार्टीबाट १९ जना गरी विवेकशील साझा पार्टीको नयाँ बन्ने केन्द्रीय समितिमा ५४ जना सामेल हुनेछन्। यी दुवै पक्षबाट केन्द्रीय कार्य सम्पादन समितिमा ११ जनाको सहभागिता रहने छ। एकीकरण पश्चात् विवेकशील साझा पार्टीको केन्द्रीय समिति १७५ तथा केन्द्रीय कार्य सम्पादन समिति ३७ सदस्यीय हुनेछ।

सिटिजन्स डिसकसन फोरमका संयोजक कर्ण बहादुर शाही भन्छन्, 'विदेशीबाट परिचालित नभई नेपालीहरूबाटै स्वचालित राष्ट्रवादी शक्ति निर्माण नेपाली राजनीतिका लागि अत्यावश्यक भइसकेको छ। हामी त्यसैका लागि रूपान्तरणकारी नयाँ शक्ति निर्माणमा जुटेका हौं। यो सुरुवात मात्र हो।'

**बल्ल...**

प्रदेश–२ को जनकपुर, बागमतीको हेटौंडा, गण्डकीको पोखरा, लुम्बिनीको बुटवल, कर्णालीको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा अधिवेशन हुनेछ। विवाद नरहेको जिल्लाको जिल्ला अधिवेशन समेत सकिएको छ।

कांग्रेसभित्र जटिल र अर्थपूर्ण मानिने वडा अधिवेशनको समस्या हल भएर जिल्ला, प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशनको तयारी अगाडि बढेपछि निर्धारित समयमा हुन नसकेको महाधिवेशन अब मंसिर अन्तिम साता हुने संभावना बढेको छ।

कांग्रेसको विधानअनुसार चार वर्षमा महाधिवेशन हुनुपर्ने भएपनि संवैधानिक व्यवस्था अनुसार साढे पाँच वर्षमा पनि महाधिवेशन हुन सकेन। गएको २३ भदौमा महाधिवेशन भएको साढे पाँच वर्ष पुग्यो। तर कोरोना महामारीका कारण चार महिनालाई शून्य समय मानिएको तर्क गर्दै कांग्रेसले महाधिवेशन नगर्दा पनि वैधानिकता माथि प्रश्न उठेको छैन। कांग्रेसले १८ भदौ बाट अधिवेशन शुरु गरेर महाधिवेशन शुरु भइसकेको तर्क समेत गरेको छ।

पदाधिकारी बढाउने प्रस्ताव केन्द्रीय सदस्य गोविन्द भट्टराईले ल्याएका हुन्। उनले सहमहामन्त्री संख्या बढाउनुपर्ने प्रस्ताव ल्याएका थिए। अहिले कांग्रेसले समावेशी क्लस्टरको आधारमा आठ सहमहामन्त्री बनाउने विधानमा व्यवस्था गरेको छ। तर खुला महामन्त्री थपिनुपर्ने प्रस्ताव बैठकमा आएको छ।

सभापति देउवा समेत यो प्रस्तावमा सहमत भएका छन्। सभापति देउवा मात्रै नभएर वरिष्ठ नेता रामचन्द्र पौडेल पनि खुलाफर्कबाट सहमहामन्त्री थप गर्न तयार रहेको स्रोतले जनाएको छ। कांग्रेसको अहिलेका विधानले एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था गरेको छ। कोषाध्यक्ष भने मनोनित हुनेछ। यसअघि सभापति, महामन्त्री र कोषाध्यक्ष प्रत्यक्ष निर्वाचित हुन्थे भने एक सभापति, एक महामन्त्री र एक सहमहामन्त्री मनोनित हुन्थे। नेताहरु खुलाबाट चार जनासम्म सहमहामन्त्री थप्न सक्ने तयारीमा रहेको स्रोतको भनाइ छ।

**समय....**

एमालेको निर्णय छ। गएको २ भदौमा मात्रै एमाले विभाजन भएको र माओवादी छोडेर आएका नेताहरु समेत मिलाएर अगाडि बढ्न एमालेले सकेसम्म सहमतीमा जोड दिइरहेको छ।

अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार भिडियो सन्देश जारी गरी उच्च सम्झदारीका साथ प्रतिनिधि छनोट गर्न आह्वान गरेका थिए। गत असोजमा विधान महाधिवेशन सम्पन्न गरेको एमालेले नयाँ नेतृत्व चयनका लागि आगामी मंसिर १० देखि १२ गतेसम्म चितवनको सौराहामा राष्ट्रिय महाधिवेशन गर्दैछ।

**उत्कर्षतिर...**

छन्। २२ असोजमा मन्त्रिपरिषद् विस्तार हुँदा मन्त्रीको कोटा लिएको आरोपमा प्रधानन्यायाधीश जबराको राजीनामा माग भएको थियो। उनको नातेदार गजेन्द्रबहादुर हमाल उद्योग मन्त्री नियुक्त भएका थिए। प्रधानन्यायाधीशको कोटामा मन्त्री नियुक्त गैरसांसद हमालले तीन दिनभित्रै राजीनामा दिए।

तर प्रधानन्यायाधीश माथि उठेको प्रश्न थप जटिल बन्दै गएको छ। न्यायपालिका जोगाउन राजीनामा मागेका कानून व्यावसायीहरुले प्रधानन्यायाधीश जबरालाई भ्रष्टाचारमा लिप्ट रहेको आरोप समेत लगाउन पुगेका छन्। बार त न्यायाधीशहरुलाई पनि चेतावनी दिने अवस्थामा पुगेको छ। प्रधानन्यायाधीश जबराले तोकेको इजलासको सुनुवाई गर्न आइतबार बारले सर्वोच्चका न्यायाधीशहरुलाई आग्रह गरेको छ। अरु मुद्दाको सुनुवाई नगरेपनि बन्दी प्रत्यक्षीकरणको मुद्दामा न्यायाधीशहरुले सुनुवाई गर्दै आएका थिए।


## कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०७८/०७/२९**

यस कम्पनीको मिति २०७३/११/१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **देवयोगीस आई.टी.सोलुसन प्रा.लि. का.म.न.पा.–३५, काठमाडौंको** नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/१२/०६ को निर्णयानुसार कम्पनीको नाम र ठेगाना परिवर्तन गरि **इन्फोएज टेक्नोलोजिज प्रा.लि. (प्रा.लि. नं १३९७८९), टोखा, न.पा-१३** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०७/२९**

यस कम्पनीको मिति २०७८/०७/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **शिवढुडी नार्गाजुड निर्माण सेवा प्रा.लि. मेलौली न.पा.–७, बैतडीको** नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/२५ को निर्णयानुसार कम्पनीको नाम र ठेगाना परिवर्तन गरि **सिद्धबाबा नार्गाजुड निर्माण सेवा प्रा.लि.(प्रा.लि. नं १८३४९१), शिवनाथ गा.पा.–२, बैतडी, सुदुर पश्चिम** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

## साउदीमा रोजगार | १. कम्पनी: AL KHUMASIA COMPANY FOR FEED AND ANIMAL PRODUCTS

शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४२ L.T. No.: 249991

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | रोजगार दाताले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल-हरमैन एच.आर. प्रा. लि.**

श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४

पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०

Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

## कतार, युएई र साउदीमा रोजगारको अवसर

१. कम्पनी : AL-KARMEL METAL INDUSTRIES W.L.L. शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५६५ L.T. No.: 232943 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 12 | 0 | स. काममा दक्ष | 1100 | ३५,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : GOOD REACH TECHNICAL SERVICE AND CONTRACTING शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७७/०५/०४ चलानी नं.: ६०१६१७६० L.T. No.: 244192 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PLUMBER | 1 | 0 | | 1100 | ३५,८९३ | | | | | | | |
| 3. | Electric Tech. | 1 | 0 | | 1100 | ३५,८९३ | | | | | | | |

३. कम्पनी : KHALED SAEED BUILDING CLEANING SERVICES104161 शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७४२८ L.T. No.: 250371

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waitress | 0 | 3 | | 1500 | ४८,५१० | | | | | | | |
| 3. | housekeeping | 0 | 4 | | 1200 | ३८,८०८ | | | | | | | |

४. कम्पनी : MANARAH AL-TAMIR FOR CONTRACTING COMPANY LTD शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/०४ चलानी नं.: ६०१६१७३५ L.T. No.: 244170 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Const. Labour | 35 | 0 | | 1000 | ३१,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**New Light International Pvt. Ltd.**

Govt.Lic.No. 1403/074/075

Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185, Mob.: 9851045653, 9851006371

Email: info.newlight1403@gmail.com

## Cyprus मा महिलाहरूलाई रोजगारको अवसर

कम्पनी: E.G. Estio Cyprus Private Employment Agency, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०७८।०७।११ चलानी नं. ६०१६७४४६ LT.No. 249494

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker (Female) | - | 20 | काममा दक्ष | 310 | ४२,४८५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति २०७८ मसिर ६ गते (22 Nov., 2021) मेनपावर कार्यालय गौशलामा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराइएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला।

**Shalma H. R. Overseas Pvt. Ltd.**

Gov. Lic. No. 1111/073/74

Gaushala, KTM. Phone:- 4479525, 4479526, Email:- info@shalmahr.com

## UAE मा रोजगार

कम्पनी:SUPER EXCEL SECURITY SERVICES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/१२/०३ चलानी नं.: ६०१५३०९६ LT.NO.: 234472 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards/Guards | 15 | 0 | स. काममा दक्ष | 1200 | ३८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुशी, काठमाडौंमा २०७८ मंसिर ६ गते (22 Nov. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**

श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६

सामाखुसी, रिङ्गरोड, काठमाडौं, नेपाल, फोन: ४३८७९९१, ४३८७९९२, ४३५४१०६, मो. नं. ९८५११६४१५२, ९८५१०९०३६५

## कतारमा रोजगारको अवसर | १. कम्पनी: FLORA GROUP शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/१५ चलानी नं.: ६०१६४६२३ L.T. No.: 247182 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६१,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३२,६३० | | | | | | | |
| 3. | Store Keeper | 1 | 0 | | 2000 | ६५,२६० | | | | | | | |

२. कम्पनी: COMFORT ELEVATORS & ESCALATORS CO. WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४३ L.T. No.: 250190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५५,४७१ | | | | | | | |
| 3. | MAINT TECHNICIAN | 5 | 0 | | 2000 | ६५,२६० | | | | | | | |
| 4. | Elevat Lift Worker | 4 | 0 | | 2000 | ६५,२६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**

सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३

(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)

Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com

## साउदीमा रोजगार | १. कम्पनी: Contractors Union General Contracting Company

शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४१ L.T. No.: 250593

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ देखि १२ गते (22 to 28 Nov. 2021) मा हुनेछ।

२. कम्पनी: CONTRACTORS UNION GENERAL CONTRACTING COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५४० L.T. No.: 250594

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: AL-MUTAWAKEL LOGISTICS SERVICES EST शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७५३९ L.T. No.: 249585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी:SAMAA AL RIYADH COMPANY FOR MAINTENANCE AND CLEANING शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७५४३ L.T. No.: 249586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Small car driver | 25 | 0 | स. काममा दक्ष | 1500 | ४७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AL-MUTAWAKEL LOGISTICS SERVICES EST शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७५४४ L.T. No.: 249588

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Yatra H.R. Solution Pvt. Ltd.**

Gov. Lic No. 1096/073/074

Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683

E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

## साउदीमा रोजगार | १. कम्पनी : THE DELICIOUS FORK RESTAURANT TO SERVE MEALS

शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७४९८ LT. No.: 250500

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HORIZON LINE TRANSPORT EST. शहर: SAFWA

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५०३ LT. No.: 250638

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : RAYA UPPER GULF UNITED OPERATION AND MAINTENANCE शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५०२ LT. No.: 250637

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 6 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Normal Factor | 21 | 0 | | 1000 | ३१,६८० | | | | | | | |

४. कम्पनी : QUALITY OF CLEANING LAUNDRY शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७४९५ LT. No.: 250347

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry And Ironing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : RAIN COFFEE FOR MEALS PROVIDER EST शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५०१ LT. No.: 250503

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : TLAD INVESTMENT COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७४९६ LT. No.: 250499

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : SAEED H. A. AL-MUDHISH EST FOR GENERAL CONTRACTING शहर:HAIL

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७४९९ LT. No.: 250502

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Automatic Lathe Operator | 1 | 0 | | 1500 | ४७,५२० | | | | | | | |

८. कम्पनी : GLOBAL CONSTRUCTION CONTRACTING CO. L.L.C शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५२९ LT. No.: 249858

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनी : KHALID SALEH AL-NOAIMI-EST FOR RENT EQUIPMENT शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२८ चलानी नं.: ६०१६७५३० LT. No.: 250501

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**

श्रम इजाजत नं. ५२३/०६१/०६२

पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८११९७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९

Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## SAUDI मा रोजगारको अवसर | कम्पनी: AL TAWI READYMIX

शहर: Saudi

पूर्व स्वीकृत मिति: २०७७/१२/०५ चलानी नं.: ६०१५५७५९ LT.No.: 237243 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ मंसिर ६ गते (22 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**

श्रम इजाजत नं. ८७५/०६६/०६७

जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०

Email- info@merocvs.com / info@luckyhrsolution.com

# आज हरिबोधिनी एकादशी तुलसीको विवाह गरिंदै

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक



आज हरिबोधिनी एकादशी पर्व देशभर मनाइँदैछ । कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको विवाह र विशेष पूजा गरी यो पर्व मनाइने गरिन्छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्यूँतिने भएकाले आजको एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी समेत भनिन्छ। हरिशयनीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन् । विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्धजस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ। यस समयमा खोला, नदीनालामा बाढी पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ।

हरिशयनी एकादशीका दिन घर घरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिङ्गारी फूल मालाले सजाएर विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको विवाह गर्ने परम्परा बसेको हो ।

तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिंगो गाडेर विधिपूर्वक पूजा गरिन्छ । कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ । उपत्यकाका चाँगुनारायण, शेषनारायण, शंखुनारायण र विशंखुनारायण मन्दिरमा भक्तजनको भीड लागेको छ । यी नारायण मन्दिरलाई 'चार नारायण' भनिन्छ। चार नारायणको आज एकैदिन पूजाआजा एवं दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । चार नारायणको दर्शन गर्न नसक्नेले उपत्यकाको उत्तरी भेगस्थित बूढानीलकण्ठ नारायणस्थानमा गई पूजाआजा एवं दर्शन गरेमा मनकामना पूरा हुने विश्वास छ । बूढानीलकण्ठमा हरि र हर अर्थात् विष्णु एवं शिवको मूर्ति स्थापना गरिएको छ। यसैबीच हरिबोधिनी एकादशीका अवधिका देशका विभिन्न स्थानीय तहले आज सार्वजनिक विदा दिएको छ। काठमाडौं बूढानीलकण्ठ र नागार्जुन नगरपालिकाले आज सार्वजनिक बिदा दिएको छ। यही कात्तिक २६ गते बसेको बूढानीलकण्ठ नगर कार्यपालिकाको बैठकले हरिबोधिनी एकादशीको दिन स्थानीय बिदा दिने निर्णय गरेको हो। नगरपालिकाभित्र रहेको नेपालकै एक प्रसिद्ध धार्मिक तीर्थस्थलका रूपमा परिचित बूढानीलकण्ठ मन्दिरमा प्रत्येक वर्ष हरिबोधिनी एकादशी (तुलसी विवाह)का दिन विशेष मेला लाग्ने भएको हुनाले नगरपालिकामा स्थानीय पर्वका रूपमा सो दिन सार्वजनिक बिदा दिने गरिएको छ।

स्थानीय संस्कृति, परम्परा र जात्राको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले बिदा दिइएको नगरपालिकाले जनाएको छ । गरपालिकाअन्तर्गत रहेका नगरपालिका, वडा कार्यालय, विद्यालय, अस्पताल र सरकारी कार्यालयमा सार्वजनिक बिदा हुनेछ ।

बूढानीलकण्ठमा प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म विशेष मेला लाग्ने गर्दछ । त्यस्तै यही कात्तिक २९ गते परेको हरिबोधिनी एकादशीका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरिएको नागार्जुन नगरपालिकाका उपप्रमुख सुशीला अधिकारीले बताइन् । नगरपालिकाभित्र रहेको नेपालको चार नारायणमध्येको कान्छो नारायण मन्दिरका नाममा परिचित तथा राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत इचङ्गुनारायण मन्दिरमा प्रत्येक वर्ष हरिबोधिनी एकादशी (तुलसी विवाह) का दिन विशेष मेला लाग्ने भएको हुनाले नगपालिकाले स्थानीय पर्वका रूपमा सो दिन सार्वजनिक बिदा दिने बताइएको छ। प्यागोडा शैलीमा बनेको दुईतले इचङ्गुनारायण मन्दिरमा शङ्ख, चक्र, गदा र पद्म लिएका नारायणको मूर्ति रहेको छ। सो मन्दिरमा हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन विशेष मेला लाग्ने गर्छ ।

यसैबीच चाँगुनारायण नगरपालिकाले पनि हरिबोधिनी एकादशीको अवसरमा आज सार्वजनिक बिदा दिएको छ । यो एकादशीको दिनमा चार नारायणमा भव्य मेला लाग्ने र त्यसमध्ये जेठो नारायणको रुपमा मानिँदै आएको चाँगुनारायण मन्दिरमा भव्य मेला लाग्ने भएकाले चाँगुनारायण नगरपालिकाले सार्वजनिक बिदा दिएको नगर प्रमुख सोमप्रसाद मिश्रले जानकारी दिए ।

तनहुँको व्यासनगरपालिकाले यही कात्तिक २९ गते हरिबोधिनी एकादशीका दिन सार्वजनिक बिदा दिएको छ । नगरपालिकाको कात्तिक २३ गते बसेको कार्यपालिकाको बैठकले उक्त दिन बिदा दिने निर्णय गरेको हो । व्यासनगरपालिकाअन्तर्गत सम्पूर्ण कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था अत्यावश्यक सेवाबाहेक बिदा दिइएको व्यासनगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिए ।

संखुवासभाको खाँदबारी नगरपालिकाले दुई दिन सार्वजनिक बिदा दिएको छ । हरिबोधिनी एकाशीका अवसरमा नगरपालिकाले धार्मिक तथा पर्यटकीयस्थल मनकमनामा लाग्ने एकादशी मेलाका अवसरमा आइतबार र सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको हो। आइतबार बिहान बसेको कार्यपालिका बैठकले दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको खाँदबारी नगरपालिका प्रमुख मुरारीप्रसाद खतिवडाले जानकारी दिए ।

# एयर गनसहित पक्राउ

**काठमाडौं/मस**–नेपाल प्रहरीले एयर गनसहित एकजनालाई पक्राउ गरेको छ। महानगरीय प्रहरी प्रभाग कोटेश्वरको टोलीले एयरगनसहित कैलालीका २१ वर्षीय जीतेन्द्र नाथलाई शनिबार थापाथलीबाट पक्राउ गरेको हो ।

पक्राउ परेका नाथले कोठामा अवैध हातहतियार लुकाइ राखेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले कोठा तलासी गर्दा उक्त हतियार फेला पारेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

